नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०७६।०७७

चलानी नं.:- ~~२४५~~ २४२

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

मितिः २०७६।०९।०९

विषयः रमाना दिने सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै (७)
श्री स्थानीय तह, सबै (७५३)

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघमा समायोजन भई हाल प्रदेश तथा स्थानीय तहमा कार्यरत रहेका संघ अन्तर्गतका निकायहरुमा पदस्थापना भएका कर्मचारीहरुलाई स्थानीय तहको कार्यालयको काममा बाधा पर्ने भएमा आवश्यकता अनुसार ताहाँ निकायमा नै कामकाज गर्न गराउन सक्ने गरी यस मन्त्रालयबाट सूचना/परिपत्र गरिएकोमा हाल लोक सेवा आयोगबाट विभिन्न स्थानीय तहहरुमा कर्मचारीहरु सिफारिस भई नियुक्ति हुने क्रम अगाडी बढेको र संघ अन्तर्गतको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गत पदस्थापना भएका कर्मचारीहरुलाई पदस्थापना भएको निकायमा हाजिर हुन पठाउन ताकेता भईरहेकोले संघमा समायोजन भई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गत पदस्थापना भईसकेका कर्मचारीहरुलाई मात्र पदस्थापना भएको निकायमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा रमाना दिई हाजिर हुन पठाउनु हुन यस मन्त्रालयको मिति २०७६।०९।०९ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

२०७६।०९।१०

सुदर्शन दाहाल
(शाखा अधिकृत)